# नेपालगञ्ज उपमहानगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

**नेपालगञ्ज, बाँके, लुम्बिनी प्रदेश, नेपाल**

## सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

## (मिति २०८०।१०।०१ देखि मिति २०८०।१२।३० गतेसम्मको विवरण)

### (१) निकायको स्वरुप र प्रकृतिः

नेपालगञ्ज शहर बि.सं. २०१७ सालमा नेपालगंज नगरपञ्चायतका नाम बाट स्थापना भई बि.सं. २०१९ सालमा नेपालगंज नगरपालिकाको रुपमा स्थापित भएको हो । नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ मंसिर १६ गतेको निर्णयबाट साविक १७ वडा रहेको नगरपालिकाको सिमाना जोडिएका वरीपरिका १० गाबिसहरु क्रमशः उदयपुर, भवानीयापुर, पिप्रहवा, जयसपुर, ईन्द्रपुर, खासकारकाँदो, वासुदेवपुर, मनिकापुर र पुरैना लाई गाभेर २७ वटा वडा कायम गरेकोमा मिति २०७२।०६।१ को नेपाल सरकारको निर्णयबाट साविक पुरैनी गा.वि.स.को क्षेत्र गाभेर २८ औं वडाको रुपमा कायम भएको थियो । तत्पश्चात् सरकारको मिति २०७३।११।९ को निर्णय अनुसार साविकको वडा नं. २३ ईन्द्रपुरलाई जानकी गाऊपालिकामा समायोजन गरिएको र बाँकी केही साना वडाहरुको क्षेत्र एक अर्कामा मिलाई, केहीको क्षेत्र यथावत राखी २२ वटा वडा र साविकको हिरमिनिया गा.वि.स.को वडा नं. ७ लाई उप-महानगर क्षेत्रमा गाभि उक्त क्षेत्रलाई २३ औं वडाको रुपमा कायम गरिएको छ। हाल कायम भएको वडाको जम्मा संख्या २३ रहेको छ। नेपाल सरकारको पछिल्लो निर्णय अनुसार हालको उप-महानगर कायम हुँदा यसको क्षेत्रफल ८५.९४ व.कि.मी. र कूल जनसंख्या राष्ट्रिय जनगणना, २०७८ बमोजिम १६४४४४( पुरुष ८२,७५५ र महिला ८१६८९) रहेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको रुपमा नेपालगञ्ज उपमहानगरपालिका रहेकोछ ।


### (२) निकायको काम, कर्तव्य र अधिकारः

यस उपमहानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्बिनी प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं

उपमहानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

## (३) निकायमा रहने कर्मचारी विवरण:

यस उपमहानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा,समुह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र उपमहानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्चपदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा समेत राखिएकोछ



## (४) निकायबाट प्रदान गरिने सेवाः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्विनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं उपमहानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा नेपालगञ्ज उपमहानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस उपमहानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न समितिहरु, महाशाखाहरु, शाखाहरु, २३ वटा वडा कार्यालयहरु रहेका छन् । उपमहानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचनाअधिकारी तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस उपमहानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण नेपालगञ्ज उपमहानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगरसभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस संवन्धी व्यवस्था नेपालगञ्ज उपमहानगरपलिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस उपमहानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । उपमहानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन

समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस उपमहानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट गुनासो सुनुवाईको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरणः

यस उपमहानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा उपमहानगरपालिकाले यस आर्थिक वर्षको २०८० माघ १ गतेदेखि २०८० चैत्र मसान्तसम्म देहायबमोजिमको कार्यहरु सम्पन्न गरेको छ :

### क. प्रशासन, वित्तिय तथा राजश्व व्यवस्थापन :

- जनशक्ति व्यवस्थापन कार्यदलले सवै शाखा/महाशाखा तथा वडाहरुमा स्थलगतरुपमा पुगी सोको व्यवस्थापनका लागि सुझाव सहितको पेश भएको प्रतिवेदन पेश भई सो समेतको उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण नगरसभाबाट स्वीकत भई कार्यान्वयनमा रहेकोछ ।
- यस आर्थिक वर्षको लागि विनियोजित बजेट रु.१ अर्व ८४ करोड ७९ लाख ९३ हजार ४४५ मध्ये हालसम्म रु.१ अरब २८ करोड ९७ लाख ९७ हजार ५३८ (६७ प्रतिशत) प्राप्त भई ८० करोड ६५ लाख २७ हजार ५४३ (४४ प्रतिशत) खर्च भएकोछ जसमध्ये चालुतर्फ ५३ प्रतिशत, पूँजिगततर्फ २५ प्रतिशत र वित्तिय व्यवस्थातर्फ ४३.८१ प्रतिशत वित्तिय प्रगती भएको छ ।

- आन्तरिक राजश्वतर्फ रु.१९ करोड अनुमानित आय रहेकोमा हालसम्म १४ करोड ८७ लाख २७ हजार ७२३ (करिव ७८ प्रतिशत) संकलन भएको छ ।

| आ.व.०८०/०८१ को अनुमानित आय र वास्तविक आय | | | |
|---|---|---|---|
| सि.नं. | शिर्षक | आ.व.०८०/०८१ को अनुमानित आय | २०८०/१२/३० सम्मको आय |
| १ | एकिकृत सम्पती कर | ५०,०००,०००.०० | ४२,६७२,३१५.२७ |
| २ | भुमिकर/मालपोत | ५०,०००.०० | ५,०८६.०० |
| ३ | घरवहाल कर | ३४,०००,०००.०० | २५,४९९,४४६.४७ |
| ४ | वहाल विटौरी कर | | १,०००.०० |
| ५ | सवारी साधन कर(साना सवारी) | १,०००,०००.०० | १,४४८,६००.०० |
| ६ | अन्य मनोरञ्जन कर | | |
| ७ | अखेटोपहारमा लाग्ने कर | १,५००,०००.०० | १,७५९,८९२.८७ |
| ८ | अन्य कर | | |
| ९ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २७,६१०,०००.०० | १३,९२४,८७३.१३ |
| १० | अन्य स्रोतबाट प्राप्त रोयल्टी | | |
| ११ | सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम | १,०००,०००.०० | ३३८,१०२.०० |
| १२ | अन्य बिक्रीबाट प्राप्त रकम | | |
| १३ | विद्युत सेवा शुल्क | ५००,०००.०० | ६४०,२३८.५६ |
| १४ | परीक्षा शुल्क | ५०,०००.०० | २७,५४०.०० |
| १५ | पार्किङ्ग शुल्क | १२,०००,०००.०० | ६,८०२,९००.०० |
| १६ | नक्सापास दस्तुर | २७,५००,०००.०० | १९,९३४,१३०.८९ |
| १७ | सिफारिस दस्तुर | ८,५००,०००.०० | ८,३५०,३०२.८२ |
| १८ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,०००,०००.०० | १,००३,६००.०० |
| १९ | नाता प्रमाणित दस्तुर | २०,०००.०० | २८,३७८.०० |
| २० | अन्य दस्तुर | ५,०००,०००.०० | ३,०४०,०६७.०३ |
| २१ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १७,५००,०००.०० | १३,६७९,९१७.५० |
| २२ | न्यायिक दण्ड,जरिवाना र जफत | २०,०००.०० | |
| २३ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ५०,०००.०० | ३३६,४३९.०९ |
| २४ | अन्य राजस्व | २,५००,०००.०० | ५,८२१,०४९.९३ |
| २५ | सरकारी घर,जग्गा,गुडवील बिक्रीबाट प्राप्त रकम | | |
| २६ | बेरुजु | २००,०००.०० | ३,४१३,८४२.९७ |
| | **कुल जम्मा** | **१९०,०००,०००.००** | **१४८,७२७,७२२.५३** |

## ख. स्वास्थ्य महाशाखा :

१ स्वास्थ्यकर्मीहरुलाई क्षयरोग सम्बन्धि तिन दिने आधारभूत तालिम संचालन ।

२ दादुरा रुबेला खोप अभियान संचालन ।

३ अनलाईन अभिलेख तथा प्रतिवेदन (eHIRRS/DHIS2/eLMIS) को अनसाईट कोचिङ

४ स्वास्थ्यकर्मीहरुलाई नसर्ने रोग सम्बन्धि तिन दिने तालिम संचालन ।

५ क्षयरोग कार्यक्रमको बार्षिक तथा अर्धवार्षिक समिक्षा कार्यक्रम संचालन ।

६ CB-IMNCI अनसाईट कोचिङ संचालन ।

७ eBidding प्रकृया बाट टेन्डर आब्हान भएको औषधि खरिद सम्पन्न ।

८ क्षयरोग कार्यक्रमको अनसाईट कोचिङ ।

९ अनलाईन अभिलेख तथा प्रतिवेदन (eHIRRS/DHIS2/eLMIS) को अनसाईट कोचिङ

१० बर्थिङ सेन्टरहरु तथा नेपालगंज मेडिकल कलेजलाई आमासुरक्षा कार्यक्रम वापतको रकम त्रैमासिक रुपमा भुक्तानी ।

११ विश्व क्षयरोग दिवश कार्यक्रम बिभिन्न कर्याकलाप सहित सम्पन्न ।

१२ स्वास्थ्य संस्थाहरुमा MSS कार्यक्रम सम्पन्न ।

## ग. शिक्षा युवा तथा खेलकुद महाशाखा :

१) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित मा.वि.नेपाली,गणित र सामाजिक तथा नि.मा.वि.नेपाली,गणित र सामाजिक शिक्षक समूह कार्यशाला सन्चालन गरिएको थियो ।

२) सामुदायिक तथा धार्मिक(मदरसा र गुरुकुल) विद्यालयका प्रधानाध्यापक तथा लेखा सहायक शिक्षकहरुको सहभागीतामा विद्यालयको लेखा श्रेष्ता सुधार गर्नको लागि लेखा व्यवस्थापन तालिम कार्यशाला सन्चालन गरिएको थियो ।

३) सामुदायिक तथा धार्मिक(मदरसा र गुरुकुल) विद्यालयहरुका शिक्षकहरुको पेसागत क्षमता विकास गर्नका लागि तहगत शिक्षक क्षमता विकास तालिम कार्यशाला सन्चालन गरिएको थियो ।

४) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालन भएको सम्पूर्ण मा.वि.विद्यालयहरुको सहभागितामा पालिका स्तरीय राष्ट्रपति रनिङ्शिल्ड खेलाडी छनौट तथा मेयर कप रनिङ्शिल्ड प्रतियोगिता सन्चालन गरिएको थियो ।

५) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित विद्यालयहरुको शै.स.२०८०को वार्षिक परीक्षा सन्चालनको लागि आवश्यक व्यवस्थापकीय कार्यहरु सन्चालन गरियो ।

६) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत कक्षा ८ सन्चालित सम्पूर्ण विद्यालयहरुको परीक्षा सन्चालन तथा व्यवस्थापन गरियो ।

७) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत कक्षा ८ सन्चालित सम्पूर्ण विद्यालयहरुको परीक्षा सन्चालन गरी नतिजा प्रकाशन गरियो । जसमा कुल ८१ विद्यालयका जम्मा ३०८२ विद्यार्थीहरु परीक्षामा समावेश भएका थिए ।

८) नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित प्रा.वि.तहका शिक्षकहरुलाई एकीकृत पाठयकमको मूल्याँकन सम्वन्धी क्षमता विकास तालिम दिइयो ।

९) नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित सम्पूर्ण विद्यालय (सामुदायिक , संस्थागत र मदरसा) का आधारभूत तहका शिक्षकहरुलाई स्थानीय पाठयकम हाम्रो नेपालगञ्ज पाठ्यपुस्तक निर्माण कार्य भैरहेको छ ।

१० ) शै.स.२०७९ मा शिक्षक सेवा आयोगबाट सिफारिस भै आएका प्रा.वि.तहका ४ जना शिक्षकहरुलाई शिक्षा विकास तथा समन्वय इकाइले नियुक्ति दिएका शिक्षकहरुलाई पदस्थापन गरियो ।

११) विद्यालय नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षणको कार्यहरु भैरहेका छन ।

१२) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालन रहेका सामुदायिक विद्यालयको मा.वि. र नि.मा.वि.तहमा विषयगत शिक्षक नेपाली,गणित र सामाजिक विषयको शिक्षक समुह कार्यशाला सन्चालन गरियो ।

१३) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको ४–८ मा अध्यापनरत शिक्षकहरुलाई सिकाइ आपुरण तथा द्रुत योजना निर्माण र कार्यान्वयन सम्वन्धमा अभिमुखिकरण तालिम कार्यशाला सन्चालन गरियो ।

१४) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित सम्पूर्ण सामुदायिक तथा धार्मिक विद्यालयहरुका प्रधानाध्यापकहरुलाई विपद सुरक्षा सम्वन्धी अभिमुखिकरण कार्यशाला सन्चालन गरियो ।

१५) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालन भएका विद्यालयहरुले शै.स.२०८१ देखि कक्षा थप गर्ने तथा नयाँ विद्यालय स्थापना गर्ने भनी निवेदन पेश गरेका विद्यालयहरुको स्थलगत अवलोकन गर्ने कार्य गरियो ।

१६) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालन भएका संस्थागत विद्यालयहरुको लागि संस्थागत विद्यालय मापदण्ड तथा निर्देशिका २०८० जारी गरिएको थियो ।

१७) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालन भएका संस्थागत विद्यालयहरुको लागि संस्थागत विद्यालय मापदण्ड तथा निर्देशिका २०८० वमोजिम संस्थागत विद्यालयहरुको स्थलगत अवलोकन गरी ति विद्यालयहरुलाई क ख तथा ग श्रेणीमा वर्गीकरण गर्ने काम गरिएको थियो ।

१८) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालन भएका सम्पूर्ण सामुदायिक तथा धार्मिक विद्यालयहरुको लागि संघीय कार्यक्रम कार्यान्वयन निर्देशिका २०८० वमोजिम विद्यालयहरुलाई उपलब्ध गराइने अनुदान उपलव्ध गराइएको र सो को कार्यान्वयनको लागि अनुगमन गर्ने कार्य गरिएको थियो

१९) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालन भएका सम्पूर्ण विद्यालयहरुको शै.स.२०८० को वार्षिक परीक्षाको तयारी तथा शै.स.२०८१ को लागि नयाँ विद्यार्थी भर्ना, पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरण लगायतका कार्यहरुको व्यवस्थापन गर्ने कार्य गरियो ।

## घ. महिला, बालवालीका तथा ज्येष्ठ नागरिकशाखाः

| **क्र.स.** | **प्रगति विवरण** | **सहभागिता** |
|---|---|---|
| १ | महिला विकास कार्यक्रममा आवद्ध महिला मध्ये एकाघरका सासू र बुहारी विच अन्तरपुस्ता अर्न्तक्रिया | २ समूहमा ३० जोडिलाई वडा २० र २२ मा |
| २ | आमाबुवा चौतारी कार्यक्रम | एक घरका तिनपुस्ता विच ४ समूहमा |
| ३ | बाल क्लब र किशोरी क्लबको चौमासिक अर्न्तक्रिया | २ समूहमा |
| ४ | अपांगता परिचयपत्र वितरणकार्य निरन्तर साथै परिचय पत्र वितरण कार्यमा एकरुपता र सुशासन कायमका लागि अभिमुखीकरण ४ समूहमा | वडा अध्यक्ष र कर्मचारी सहित जम्मा १२९ जनालाई |
| ५ | मानव वेचविखन विरुद्ध समितिको नगरस्तरिय बैठक तथा अभिमुखीकरण | जम्मा १४४ जनालाई |
| ६ | अपांगता भएका व्यक्तिलाई मागमा आधारित सिप विकास तालिम | १० जनालाई |
| ७ | ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धिवडाका जनप्रतिनिधी र सचिबलाई अधिमुखीकरण | २ समूहमा |

## ङ. सहकारी, सामाजिक सुरक्षा, पन्जिकरण, उपभोक्ता हित र स्वःमूल्यांकन शाखा :

**सहकारी शाखा**

| क्र.सं. | कार्यक्रमको नाम | अवस्था | कैफियत |
|---|---|---|---|
| **क) माघ देखि चैत्र महिना मसान्त सम्ममा सम्पन्न भएका कार्यक्रमहरु :** | | | |
| 1 | कोपोमिस प्रणाली सम्बन्धि ३ दिने तालिम | कार्य सम्पन्न भएको | ५५ जना सहभागी |
| 2 | सहकारी नेतृत्व विकास कार्यशाला कार्यक्रम 2 दिने | कार्य सम्पन्न भएको | ५0 जना सहभागी |
| 3 | सहकारी लेखापालन सम्बन्धि ७ दिने तालिम | कार्य सम्पन्न भएको | ५1 जना सहभागी |
| 4 | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि १ दिने कार्यक्रम | कार्य सम्पन्न भएको | 60 जना सहभागी |
| **ख) कार्यान्वयन भइरहेका कार्यक्रमहरु :** | | | |
| 1 | नियमित अनुगमनबाट समस्या देखिएको संस्थाको सघन अनुगमन | कार्यान्वयनमा भईरहेको | 5 वटा सहकारी |
| 2 | प्रत्येक सहकारी संस्थाको कम्तीमा वर्षमा एकपल्ट नियमित अनुगमन (109 वटा) | कार्यान्वयनमा भईरहेको | 5 वटा सहकारी |

| सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | | | | | |
|---|---|---|---|---|---|
| **सामाजिक सुरक्षा तर्फ : (वडा नं.१ देखि २३ सम्म)** | | | | | |
| | | | **तेस्रो किस्ता तर्फ (माघ देखि चैत्र सम्म)** | | |
| **क्र.सं.** | **लाभग्राहीको प्रकार** | **मासिक दर** | **लाभग्राहीको संख्या** | **विनियोजित बजेट रु.** | **EFT द्वारा भत्ता वितरणको अवस्था** |
| १ | जेष्ठ नागरिक (अन्य) | ४००० | ५३३७ | १०,८५,४४,०४४/- | लाभग्राहीको खातामा जम्मा भइसकेको |
| २ | जेष्ठ नागरिक (दलित र क्षेत्र तोकिएका) | २६६० | ५७७ | | |
| ३ | एकल महिला | २६६० | १०२३ | | |
| ४ | विधवा | २६६० | २३६९ | | |
| ५ | पूर्ण अपाङ्गता | ३९९० | ४६४ | | |
| ६ | अति अशक्त अपाङ्गता | २१२८ | ६१२ | | |
| ७ | लोपोन्मुख / आदिवासी जनजाती | ३९९० | १६५ | | |
| ८ | दलित बालबालिका | ५३२ | १४३९ | | |
| **कुल जम्मा** | | | **११९८६** | १०,८५,४४,०४४/- | |

# व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

जिल्ला : बाँके , न.पा.: नेपालगञ्ज उप महानगरपालिका , दर्ता मिति : २०८०।१०।०१ देखि २०८०।१२।३० सम्म

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध विच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | तेस्रो लिङगी | जम्मा | पुरुष | महिला | तेस्रो लिङ | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | १५ | १५ | | ३० | ७ | ७ | | १४ | १ | ११ | १० | २४ | ६ | २२ | | ७२ |
| २ | ८ | ९ | | १७ | ७ | ३ | | १० | १ | १२ | ५ | १९ | ४ | १५ | | ४९ |
| ३ | ९ | १३ | | २२ | २ | २ | | ४ | | ५ | ४ | १० | ३ | ३ | | ३८ |
| ४ | २५ | १३ | | ३८ | ६ | ८ | | १४ | ३ | १५ | १४ | ३८ | ७ | २२ | | ९१ |
| ५ | १० | १३ | | २३ | ७ | ५ | | १२ | १ | ६ | २ | ७ | ४ | १३ | | ४८ |
| ६ | ९ | ७ | | १६ | ४ | ३ | | ७ | ३ | ७ | १० | ३५ | १ | ४ | | ४४ |
| ७ | ३ | ७ | | १० | ४ | | | ४ | | ५ | | | ५ | ९ | | २४ |
| ८ | १० | १३ | | २३ | ७ | २ | | ९ | | १२ | ४ | १० | ३ | १९ | | ५१ |
| ९ | १२ | १५ | | २७ | ८ | २ | | १० | ३ | ८ | ८ | २४ | ६ | २४ | | ६२ |
| १० | ११ | ७ | | १८ | १० | ६ | | १६ | २ | १३ | ५ | १८ | ६ | १२ | | ६० |
| ११ | १३ | ८ | | २१ | ४ | ३ | | ७ | | ५ | ५ | ११ | ४ | २१ | | ४२ |
| १२ | १२ | १५ | | २७ | ५ | ९ | | १४ | १ | ६ | ८ | २० | ११ | ३८ | | ६७ |
| १३ | २४ | २७ | | ५१ | १२ | ४ | | १६ | २ | १५ | २ | ५ | ५ | १५ | | ९१ |
| १४ | २१ | १४ | | ३५ | ८ | ८ | | १६ | | ९ | ५ | २५ | १ | ५ | | ६६ |
| १५ | २२ | ३० | | ५२ | ५ | ३ | | ८ | १ | ९ | ३ | ११ | २ | ४ | | ७५ |
| १६ | १९ | १८ | | ३७ | १० | ७ | | १७ | | १६ | | | ३ | ९ | | ७३ |
| १७ | १६ | १५ | | ३१ | २ | ५ | | ७ | २ | ८ | | | १ | ५ | | ४९ |
| १८ | २१ | १८ | | ३९ | ७ | ९ | | १६ | २ | १५ | ८ | २९ | ६ | १८ | | ८६ |
| १९ | २५ | २५ | | ५० | ९ | २ | | ११ | १ | २० | १३ | ३६ | २ | ५ | | ९७ |
| २० | ३६ | २२ | | ५८ | १५ | ४ | | १९ | ४ | २४ | २२ | ८३ | ३ | ९ | | १३० |
| २१ | २३ | १८ | | ४१ | ७ | ४ | | ११ | | १८ | २ | ६ | ४ | ९ | | ७६ |
| २२ | १५ | ७ | | २२ | ५ | २ | | ७ | १ | ८ | १ | ४ | | | | ३९ |
| २३ | ९ | १० | | १९ | १ | | | १ | | १ | १ | ५ | १ | २ | | २३ |
| जम्मा | ३६८ | ३३९ | | ७०७ | १५२ | ९८ | | २५० | २८ | २४८ | १३२ | ४२० | ८८ | २८३ | | १४५३ |

## च. सामाजिक, गै.स.तथा साझेदारी विकाश शाखा ः

- वागेश्वरी मन्दिरमा सन्ध्याकालिन महाआरती कार्यक्रम २०८० श्रावण महिना देखि निरन्त सञ्चालनमा रहेको र यसको सञ्चालनका लागि वागेश्वरी मन्दिर गुठी व्यवस्थापन समिति संग मिति २०८०।०९।२९ गते रु ४,००,०००।- (चारलाख) सहयोग हुने गरि सम्झौता भै कार्यान्वयन भैरहेको छ ।
- बाँके शताब्दी साहित्यिक ग्रन्थ प्रकाशनको जिम्मेवारी भेरी साहित्य समाजले गर्ने गरि मिति २०८० साल पौष २० गते उपमहानगरपालिकाले रु ५०,०००।- (पचास हजार) उपलब्ध गराउने गरि सम्झौता भई हाल कार्यान्वयनको चरणमा रहेको छ ।
- नव प्रवर्द्धनात्मक कार्यक्रम कार्यान्वयनका लागि मिति २०८०।०८।२६ गते नेपाल घरेलू तथा साना उद्योग महासंघ नगर समिति संग उपमहानगरपालिकाको रु ३,५०,०००।- ( तिनलाख पचास हजार) सहयोग रहने गरि सम्झौता सम्पन्न भई रामलिला मैदानस्थित तालिम केन्द्रमा मिति २०८० माघ २६ गते देखि सञ्चालन भईरहेको छ ।
- नेपालगञ्ज-जनकपुर-नेपालगञ्ज प्रवर्द्धनात्मक हवाई उडान कार्यक्रम सञ्चालन गर्न नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल्स एजेन्टस बाँके च्याप्टर (नाटा) विच मिति २०८०।११।४ गते रु १,५०,०००।- (एकलाख पचासहजार) उप-महानगरपालिकाले उपलब्ध गराउने गरी सम्झौता भई मिति २०८० फागुनमा सम्पन्न भएको ।
- नेपालगञ्ज उप-महानगरपालिका देखि ठाकुरद्धारा लगायत बाँके जिल्लाका स्थानीय पर्यटकीय गन्तव्यका स्थानहरुको प्रवर्द्धन गर्ने उद्धेश्यले नेपालगञ्ज उप-महानगरपालिकाको रु ४,००,०००।- (चारलाख) सहयोग रहने गरी नेपालगञ्ज साइक्लिङ्ग क्लव संग मिति २०८०।१०।१९ गते सम्झौता भई मिति २०८०।१०।२६ र २७ गते सम्पन्न भैसकेको छ ।
- नेपालगञ्ज उपमहानगरपालिका र नेपालगञ्ज ग्यालरी प्रा.लि. विच जनतासंग मेयर कार्यक्रम उत्पादन तथा प्रशारण सम्बन्धी मिति २०८०।१०।१९ गते नेपालगञ्ज उपमहानगरपालिकाको तर्फबाट रु १,००,०००।- (एकलाख) उपलब्ध हुने गरि सम्झौता भई कार्यानवयनमा रहेको छ ।
- नेपालगञ्ज उपमहानगरपालिका र गैसस महासंघ नेपालगञ्ज, बाँके शाखा विच गैसस महासंघलाई कार्यालय व्यवस्थापनका लागि उपमहानगरपालिकाको तर्फबाट रु १,००,०००।- (एकलाख) सहयोग उपलब्ध गराउने गरि मिति २०८०।०९।२० गते सम्झौता भई कार्यसम्पन्न भएको छ ।

- उपमहानगरपालिका र नेपाल टेलिभिजन (एनिटिभी) कोहलपुर च्यानल विच हाम्रो नेपालगञ्ज विच हाम्रो नेपालगञ्ज कार्यक्रम उत्पादन तथा प्रशारण गर्न उपमहानगरपालिकाको रु ३,००,०००।- (तिनलाख) खर्च हुने गरि मिति २०८०।०९।१३ गते द्धिपक्षिय सम्झौता भई कार्यान्वयन भई रहेको छ ।
- नेपालगञ्ज उपमहानगरपालिकाको चालू आ.व. मा ३ (तिन) पटक सार्वजनिक सुनुवाई र गत वर्षको कामको वार्षिक १ (एक) पटक सामाजिक परिक्षण गर्ने गरि उपमहानगरपालिकाबाट रु २,५०,०००।- (दुईलाख पचास हजार) उपलब्ध हुने गरि उक्त संस्थासंग सम्झौता भएको साथै मिति २०८०।१०।२९ गते १५४ जना सरोकारवाला र जवाफदेही वक्ताहरुको उपस्थितिमा पहिलो सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको ।
- तिनवटा विषयगत तालिम सञ्चालन गर्ने गरि नेपालगञ्ज उपमहानगरपालिका र सिमेका ह्यूमन रिसोर्स एकेडेमी प्रा.लि. विच उपमहानगरपालिबाट रु १३,७५,३२३।- (तेह्रलाख पचहत्तर हजार तिनसय तेईस) उपलब्ध हुने गरि मिति २०८०।१०।१५ गते सम्झौता सम्पन्न भई मिति २०८०।११।०१ गतेबाट मोबाईल मर्मत्मा (३९० घण्टा/३ महिना) २४ जना सहभागीहरु, टायल मार्वल फिटर तालिम (३९० घण्टा/३ महिना) २३ जना सहभागीहरु र कुक तालिम (४५ दिन/१८५ घण्टा) २३ जना सहभागीहरुको उपस्थितिमा सञ्चालन भएको छ । सो मध्ये कुक तालिम मिति २०८०।११।२२ गते सम्पन्न भई २४ जना प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गरिएको र अन्य तालिमहरु हाल सञ्चालन भईरहेका छन् ।
- नेपालगञ्ज उपमहानगरपालिकाको गरिबसंग स्थानीय सरकार सञ्चालन कार्यविधि २०८० बमोजिम गत वर्ष सम्म लक्षित वर्गहरुमा कर्जा लगानी भई कर्जाको किस्ता बुझाउने भाखा नाघेका १५४ जना ऋणीहरुलाई कर्जा चुक्ताका लागि ३ पुस्ते विवरण सहित ३५ दिने सूचना स्थानीय पत्रिकामा प्रकाशित भएपछि चालू आ.व.मा माघ देखि चैत्र मसान्त सम्म कूल ५९ जनाले आफूले लिएको कर्जाको सावाँ रु २७,५५,०४०।- (सत्ताईसलाख पचपन्नहजार चालिस) र सो को नियमानुसरको व्याज एवं जरिवाना असुल गर्न सफल भएको छ ।
- नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सशर्त अनुदान अर्न्तगत यस नेपालगंज उप- महानगरपालिका लाई चालु आ.व. **०८०/०८१ मा** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन गर्न अख्तियारी प्राप्त भए बमोजिम गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका , २०७७ को दफा ५२ मा व्यवस्था भए बमोजिम श्रीमान नगर प्रमुख ज्यू को अध्यक्षतामा गठित उद्यम

विकास समितीको मिति २०८०/०७/२१ गते बसेको बैठकको निर्णयानुसार नेपालगंज उप-महानगरपालिका वडा नं. ६, ११, र २१ मा कार्यक्रम लागु गरिएको छ । उल्लेखित कार्यक्रमलाई अगाडी बढाउने क्रममा नेपालगंज उप-महानगरपालिकाको आयोजनामा ६, ११, र २१ नं.वडा कार्यालयहरुमा मिति २०८०/०८/१३ गतेदेखि मेड मोडेल अन्तरगत तपशिल बमोजिमका क्रियाकलापहरु शुरुवात गरि हाल संचालित अवस्थामा रहेका छन् ।

१. वडास्तरिय अभिमुखिकरण कार्यक्रम वडा नं. ६, ११, र २१ मा सञ्चालन गरिएको ।

२. वडास्तरबाट छनौट गरिएको बस्तीमा सहभागितात्मक ग्रामिण लेखाजोखा (पि.आर.ए) कार्यक्रम सञ्चालन गरिएको ।

३. बस्तीहरुमा पुगेर घरधुरी सर्बेक्षण फारम ए. र बि.भर्ने कार्य गरिएको ।

४. समूह गठन गरी वडा अध्यक्ष ज्यूको उपस्थितीमा आवश्यक सामाग्री हस्तान्तरण गरीएको ।

५. अनलाईन फारम स्वीकृत भएका सहभागीहरु २९ जनालाई ८ दिने उद्यमशिलता विकास तालिम प्रदान गरिएको ।

६. उद्यमशिलता विकास तालिम प्राप्त मध्येबाट ब्युटी पार्लर ५ जना र स्तरउन्नती तर्फ ८ जना गरी जम्मा १३ जना, जुत्ता चप्पल बनाउने ५ जना र सिलाई कटाई तालिमका लागी १८ जना छनौट भै मिति २०८०।१२।०३ गते देखि विषयगत तालिमहरु शुरुवात गरि हाल संचालन भै रहेका छन् ।

**सुरक्षित आप्रवासन(सामी)कार्यक्रम तर्फ**

**सुचना तथा परामर्श सेवा**

- २०८०।०४।०१ देखि चैत्र मसान्तसंम आप्रवासी स्रोत केन्द्र जिल्ला प्रशासन कार्यालयबाट बैदेशिक रोजगारमा जाने लाभांवित सेवाग्राहीहरु जम्मा जना ५९२५ (पुरुष ४४९४ र महिला १४३१) लाई सुचना तथा परामर्श सेवाप्रदान,
- रिटर्नी स्वयंसेवकबाट जम्मा १९२५ जना (पुरुष १३६१ र महिला ५६४) लाई घर घर मा गई सुचना तथा परामर्श सेवा प्रदान गरिएको ।
- सेवाग्राहीहरुलाई एकै ठाउँबाट सही समयमा सही सुचना तथा जानकारी दिईएको छ ।

**न्यायमा सहजिकरण**

- बैदेशिक रोजगारमा गएका, जान लागेका र सम्भावित कामदारहरु जम्मा दर्ता ८० जना (पुरुष ६९ र महिला ११),
- जसमध्य सामाधान भएका जम्मा २३ जना (पुरुष १८ र महिला ६),

- प्रक्रियामा रहेका जम्मा ५७ जना (पुरुष ५१ र महिला ६),
- हालसंम आर्थिक सहजिकरण जम्मा ७०,६९,४४० रुपैंया मात्र ।

**सिप तालिम विकास**

- बैदेशिक रोजगार जाने सम्भावित कामदारहरुलाई सिप तालिमका लागि सिफारिस जम्मा ४१ जना (पुरुष ३० र महिला ११)
- बैदेशिक रोजगारमा जाने सेवाग्राहीहरुलाई सिप, तालिम निशुल्क हुने हुदा कार्यक्रम प्रभावकारी भएको छ ।

**वित्तिय साक्षरता तथा मनोसामाजिक कक्षा सञ्चालन**

- नेपालगंज उपमहानगरपालिका अन्तरगत बैदेशिक रोजगारमा रहेका घर परिवारका सदस्यहरुमा वित्तीय साक्षरता कक्षा संचालनमा रहेको छ ।
- विदेशबाट पठाएको रकमलाई कसरी व्यवस्थापन गर्ने भन्ने पाठ्यकम भएकोले कक्षा उपलब्धिमूलक रहेको ।
- पासबुकमा खर्च र बचत हिसाब राखेका कारण परिवारका सदस्यहरुमा सम्बन्ध विस्तार,
- कक्षा नेपालगंज उपमहानगरपालिका अन्तरगत वडा नं. ०१, १५,२० र २१ मा संचालनमा रहेको छ, र हालसंममा १३ सेसन गईसकेको छ ।

**मनोसामाजिक सेवा**

- हालसंममा मनोसामाजिक परामर्श सेवा ३० जनालाई दिईसकेको र जस मध्य १२ बटा केश सफल भईसकेको र १८ वटा प्रक्रियामा रहेका छन ।
- मनोसामाजिक सेवाग्राहीहरुद्धारा नयाँ जिवन पाएको भनी खुशी व्यक्त गरिएको छ ।
- मनोसामाजिक सेवाग्राहीहरुले नयाँ सिप, तालिम तथा सानो व्यापार व्यवसाय गरेका छन ।

**अन्य कार्यकमहरु**

- सुरक्षित बैदेशिक रोजगारका विभिन्न सवालहरुमा रेडियो जिंगल,
- सामुदायिक अभिमुखीकरण कार्यक्रम सम्पन्न,
- बैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम सम्पन्न,
- सुरक्षित बैदेशिक रोजगार सम्बन्धि सुचना सामाग्री उत्पादन तथा प्रकाशन,
- रोजगार सेवा केन्द्रसंग अन्तरकिया कार्यक्रम,

- अन्तर्राष्ट्रिय आप्रवासी दिवसको उपलक्ष्यमा सचेतनामूलक तथा अन्तरक्रिया कार्यक्रम,
- आप्रवासन स्रोत केन्द्रको सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि र सामी कार्यक्रम कर्मचारी बिचमा समन्वय बैठक,
- सामी कार्यक्रम कार्यान्वयनका लागि स्थानीइ तह कार्यक्रम व्यवस्थापन समितिको बैठक पालिकामा सम्पन्न,
- नगर पार्श्व चित्र निमार्णका लागि गणकहरुलाई दुई दिने अभिमुखीकरण तालिम सम्पन्न,
- मनोसामाजिक सेवाग्राहीसंगको केश सेरिगं कार्यक्रम सम्पन्न,
- सम्बन्धित सरोकारवालाहरुबाट कार्यक्रम अनुगमन तथा मुल्यांकन सम्पन्न,
- सम्पन्नस्थानीय तह सञ्जाल सदस्यहरुलाई दुई दिने क्षमता विकास तालिम सम्पन्न,
- अर्धवार्षिक समिक्षा बैठक सम्पन्न,
- स्थानीय तह समन्वय समितिको बैठक सम्पन्न,

## छ. वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन शाखा :

- शहरी सरसफाई अन्तर्गत नगर भित्र उत्पादन हुने दिशाजन्य लेदोको अस्थाई रुपमा व्यवस्थापनका लागि SNV Nepal को सहयोगमा २० नं. वडामा Trenching संरचना निर्माण भई संचालनको चरण रहेको छ।

- Green Shift Nepal : Circularity of Plastic Waste for Net-Zero Carbon Nepal) परियोजना अन्तर्गत European Union तथा Youth Innovation Lab संस्थाहरुको सहयोगमा Waste Smart Fellowship कार्यक्रम सुरुवात भयो।

**विपद् व्यवस्थापन अर्न्तगत सूपर कार्यक्रमको सहयोगमा भएका गतिविधिहरु**

| क्र.स. | कार्यक्रम | स्थान/सहभागिता | मिति | संख्या |
|---|---|---|---|---|
| १. | खोज तथा उद्धार सम्वन्धी पुनर्ताजगी तालिम | समुदायमा यस अघि तालिम लिएका CERT सदस्यहरुको सहभागिता | फाल्गुण, चैत्र २०८० | २ वटा तालिम ५६ |
| २ | आगलागी नियन्त्रण सम्वन्धी पुनर्ताजगी तालिम | समुदायमा यस अघि तालिम लिएका CERT सदस्यहरुको सहभागिता | फाल्गुण, चैत्र २०८० | २ वटा तालिम ५९ |
| ३. | लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण तालिम | वडा नं ३,७,८,११ का जनप्रतिनिधि, कर्मचारी, अपाङ्गता संजाल, रेडक्रस जिल्ला तथा उपशाखाका प्रतिनिधि | २०,२१ फाल्गुण २०८० | ३४ जना सहभागी |

| | | | | |
|---|---|---|---|---|
| ४. | समुदायमा आगलागी नियन्त्रण सम्वन्धि अभ्यास | वडा नं ८ र ११ का समुदायका तोकिएका स्थानहरुमा | चैत्र,२०८० | ८ वटा करिव ३ सय सहभागी |
| ५. | साना तथा मझौला उद्योग, ब्यापार ब्यवसायको विमा गर्ने सम्बन्धी सचेतना कार्यक्रम | नेपालगञ्ज उपमहानगरपालिकाका मुख्य बजार क्षेत्रका पसल ब्यवसायहरु | चैत्र ७ देखि १६ गते सम्म २०८० | १४२८ ब्यवसायको सचेतना |
| ६. | नगरपालिका स्तरिय कृत्रिम घटना अभ्यास कार्यक्रम | नगरपालिका बाट तयार गरिएको आपतकालिन पुर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन बारे टेवल टप कृत्रिम घटना अभ्यास गरिएको । | चैत्र २७,२०८० | ७६ जना सहभागि |
| ७ | विपद् पुर्वतयारी सम्वन्धि सिकाई आदान प्रदान अध्ययन भ्रमण | ललितपुर महानगरपालिकामा भएका विपद पुर्वतयारीका कार्यहरुको नगर प्रमुख समेतको सहभागितामा सिकाई आदान प्रदान अध्ययन भ्रमण सम्पन्न | चैत्र २१ र २२,२०८० | १८ जना |

## ज. भौतिक पूर्वाधार तथा शहरी विकास महाशाखा

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | | भौतिक प्रगति |
|---|---|---|---|
| १ | एस.के डेरी देखी फुटाहा गाउँ जाने बाटो निर्माण योजना, वडा नं. 19 | प्रदेश समपुरक | सब बेस र बेसकोर्सको काम सम्पन्न |
| २ | जि.स.स. वाट महिला कलेज र बिचबाट पूर्व जाने बाटो निर्माण योजना | प्रदेश समपुरक | नाला निर्माणको काम हुदै |
| ३ | वडा नं १५ हाइमाष्ट लाईट देखी मदरसा निरानु इस्लामिया स्कुल सम्म बाटो निर्माण योजना | प्रदेश समपुरक | स्ट्रीट लाइट जडानको काम सम्पन्न भइ बाटो निर्माणको काम भइरहेको |
| ४ | वडा नं. १९ फारमटोल जाने बाटो निर्माण योजना | प्रदेश समपुरक | नाला निर्माणको काम सम्पन्न भइ ग्रेवेलको काम हुदै गरेको |
| ५ | वडा नं.१३ बाबु गाउँ जाने पिच देखी गंगापुर हुँदै पिच बाटो सम्म जोड्ने सडक निर्माण योजना | प्रदेश समपुरक | सब बेस को कार्य हुदै |
| ६ | वडा नं.१६ सुर्खेत रोड (हाइवे)देखी जामा मस्जिद हुँदै शिव मन्दिर जाने बाटो निर्माण योजना | प्रदेश समपुरक | नाला निर्माणको हुदै गरेको |
| ७ | नगर भवन परिसर भित्र व्यापारिक भवन निर्माण र फायर फाईटर | क्रमागत योजनाहरु | पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्य सम्पन्न गर्ने निर्णय बमोजिम कार्यान्वयन भइरहेको |

| | | | |
|---|---|---|---|
| ८ | Electonic नक्सापास सफ्टवयर जडान कार्य | क्रमागत योजनाहरु | सफ्टवयर निर्माणको काम सम्पन्न भइ परामर्श दाता र कार्यालयका कर्मचारीलाइ तालिम प्रदान गर्ने तयारी रहेको |
| ९ | घोसिटोलमा उत्तर सबन हलवाईको घर देखि दक्षिण मो ईद्रिस हलवाईको घर सम्म नाला र बाटो निर्माण | क्रमागत योजनाहरु | सम्पन्न |
| १० | बसपार्क देखि सुर्जे गाँउ जाने बाटो र अन्य सडक निर्माण | क्रमागत योजनाहरु | बेसकोर्सको काम सम्पन्न |
| ११ | मनिकापुर सडक निर्माण योजना वडा नं २० | क्रमागत योजनाहरु | सम्पन्न |
| १२ | नेपालगंज उपमहानगरपालिकाको विभिन्न स्थानहरुमा समर्सिवल पम्प जडान वडा नं १ देखि १३ | क्रमागत योजनाहरु | सम्पन्न |
| १३ | १०८ फिटे हनुमान मुर्ति निर्माण कार्य | क्रमागत योजनाहरु | पोडियमको काम सम्पन्न भइ स्ट्रक्चरको कामको सुरुवात भएको |
| १४ | १०८ फिटे हनुमान मुर्ति निर्माण कार्य | क्रमागत योजनाहरु | पोडियमको काम सम्पन्न भइ स्ट्रक्चरको कामको सुरुवात भएको |
| १५ | काञ्जि हाउसमा भौतिक संरचना निर्माण | क्रमागत योजनाहरु | सम्पन्न |
| १६ | नगरपालिकाको भवनमा अपाङ्गमैत्री लिफ्ट जडान निर्माण | क्रमागत योजनाहरु | सम्पन्न |
| १७ | नाला सरसफाई निर्माण तथा मर्मत सुधार वडा नं १ देखि २३ | क्रमागत योजनाहरु | सम्पन्न |
| १८ | फुल्टेक्रा तलाउ घेराबार निर्माण कार्य | क्रमागत योजनाहरु | स्थानीयको बिवाद भइ कार्य रोकीएको |
| १९ | बागेश्वरी मन्दिर स्थित जुङ्गे महादेव मन्दिर जाने पुल स्तरउन्नती | क्रमागत योजनाहरु | पिलरहरु निर्माणकाई भइरहेको |
| २० | वडा नं ४ स्थित गौसिया माध्यामिक विधालय ट्वाईलेट निर्माण कार्य | क्रमागत योजनाहरु | सम्पन्न |
| २१ | विपि चोक स्थित ईदगाहमा प्रवेशद्वार निर्माण कार्यक्रम | क्रमागत योजनाहरु | निर्माण कार्य भइरहेको |
| २२ | पासाङ्गल्ह्यामु मार्ग निर्माण | नगरस्तरिय तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु | कलभर्ट निर्माणको काम सम्पन्न |

| | | | |
|---|---|---|---|
| २३ | पासाङ्गल्ह्यामु मार्ग निर्माण | नगरस्तरिय तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु | कलभर्ट निर्माणको काम सम्पन्न |
| २४ | बसपार्कदेखि सुर्जीगाउँ जाड्ने बाटो र विद्युतदेखि उत्तर सडक स्तरोन्नति कार्य वडा नं. ४, १९ | संघीय शर्सत अनुदान | बेसकोर्सको काम सम्पन्न |

# झ. कृषि तथा पशु बिकाश शाखा :

## कृषि विकाश शाखा

- एउटा तरकारीको पकेट  निरन्तरताको भुक्तानीको कार्य सम्पन्न ।
- एउटा च्याउको पकेट निरन्तरताको भुक्तानीको कार्य सम्पन्न ।
- ५० प्रतिशत अनुदानमा कन्ये च्याउको ३००० पोका बिउ बितरण कार्य सम्पन्न ।
- तरकारी खेति प्रोत्साहन कार्यकममा सुचना मार्फत ८७ प्रस्तवना प्राप्त भएको सो प्रस्तावनाको अनुगमन गरि छनोट गरि सम्भौता कार्य सम्पन्न ।
- १ वटा माटो परिक्षण शिविर वडा नं. १९मा सम्पन्न भयो जहाँ ८० माटोको नमुना परिक्षण भएको थियो ।
- ३ वटा बाली उपचार शिविर सम्पन्न भयो जहाँ १३० कृषकको वालि परिक्षण तथा उपचार भयो । (वडा नं. १४,१५ र १६ मा) ।
- नि :शुल्क बिषादिको बितरण  चलिरहेको छ ।
- तरकारी प्रबर्द्दन कार्यकममा सुचना मार्फत ८ प्रस्तवना प्राप्त भएको सो प्रस्तावनाको अनुगमन गरि छनोट गरि सम्भौता कार्य सम्पन्न ।
- एक घर एक करेसावारि कार्यकममा सुचना मार्फत ५ प्रस्तवना प्राप्त भएको सो प्रस्तावनाको अनुगमन गरि छनोट गरि सम्भौताको प्रकियामा रहेको ।
- पोषण सुधारको लागि कौशि खेति कार्यकममा सुचना मार्फत १ प्रस्तवना प्राप्त भएको सो प्रस्तावनाको अनुगमन गरि छनोट गरि सम्भौताको प्रकियामा रहेको ।
- धान बालीमा हरियो मल(ढैचा) प्रदर्शनी कार्यकम संचालन प्रकियामा रहेको ।
- ब्रोकाउली तथा बन्दाको एक एक संचालित आई पि.एम कृषक पाठशाला कृषक दिवश मनाएर सम्पन्न  गरियो ।

- किसान सुचिकरण अर्न्तगत गणकहरुले वडा नं. १९मा तथ्यांक संकलन कार्य भइरहेको छ ।
- फिल्ड अनुगमन नियमित रुपमा चलिरहेको छ ।

**पशुसेवा शाखा**

- ३ दिने स्वच्छ मासु उत्पादन तालिम १५जना सहभागी वडा न. १ मा सम्पन्न गरेको ।
- ३ दिने स्वच्छ मासु उत्पादन तालिम १५ जना सहभागी वडा न. ०४ मा सम्पन्न गरेको
- अनुगमन तथा निरिक्षण मासु पसलहरुको वडा न. ०२,०४,०७,१३ र२० मा सम्पन्न गरेको ।
- पशु स्वास्थ्य तथा परजिवी नियन्त्रण शिविर वडा न.२० मा सम्पन्न गरेको ।
- पशु स्वास्थ्य तथा परजिवी नियन्त्रण शिविर वडा न. २३ मा सम्पन्न गरेको ।

## ञ. रोजगार सेवा केन्द्र

- गत आ. ब. मा कुल सूचीकृत मध्ये प्राथमिकिकरणमा परेका ७० जनालाई न्यूनतम रोजगारीमा संलग्न गराउने लक्ष्य अनुरुप प्राथमिकिकरण लिष्ट सम्बन्धीत वडामा पठाइएको र रोजगार उपभोक्ता समिति गठन गरिएको ।
- वडा नं १९ ,२०, २१ र २३ मा कामका लागि पारिश्रमिक योजाना संचालन गरी ६८ जनालाई न्यूनतम रोजगारीको लागि काममा लगाईएको छ।
- आ.व. २०८१/८२का लागि जम्मा २५३ महिला र २११ पुरुष गरी ४६४ जना सूचिकृत गरिएको छ जस मध्ये महिला ५५% र ४५ % पुरुष रहेको ।
- वडा नं १९ ,२०, २१ र २३ बाट प्राप्त योजनाहरुको सर्भे तथा इष्टीमेट भई काम भइरहेको छ।
- साथै वडा नं २३का श्रमिकलाई रनिङ्ग विल मार्फत ४१ दिनको ज्याला भुक्तानी गरिएको ।

- नमुना रोजगार सेवा केन्द्र संचालन शिर्षक अन्तरगत वाइरिङ्ग र पलम्बर तालिम (रोजगारी पदस्थापन सहित)संचालन भइरहेको।
- बैदेशिक रोजगार वोर्डबाट प्रदान गरिने कल्याणकारी सेवा अन्रतगत यस आर्थिक बर्षमा मृत्यू क्षतिपूर्ति ५जना, विरामी /अंगभग ७ जना, सब झिकाउने १ जना र बैदेशिक रोजगार सन्तती छात्रावृत्ति ८ जनाको लागि सहजिकरण गरिएको छ ।
- यस आ.ब.मा नयाँ श्रम स्वीकृति र पुनः श्रम स्वीकृति गरी ७९ जनाको व्यक्तीगत श्रम स्वीकृति गरिएको छ ।
- श्रमको सम्मान कार्यक्रम अन्तरगत ५ वटा वडाहरुमा अभिमुखिकरण कार्यक्रम संचालन गरिएको।
- रोजगार उपभोक्ता समितिलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिएको।
- आगामी १० बर्षमा सृजना हुन सक्ने आन्तरिक रोजगारीको प्रक्षेपणका लागि अध्ययन समुह निर्माण गरी स्थलगत अध्ययन तथा विभिन्न स्रोतहरुबाट प्राप्त तथ्यांकको आधारमा प्रतिवेदन तयार गरिएको छ।
- बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवा लिन रोजगार सेवाकेन्द्र मार्फत निवेदन दिन सकिने व्यवस्था सम्बन्धी सुचनाको रेडियो जिंगल प्रसारण भइरहेको।

## ट. भूमि व्यवस्थापन शाखा

| क्र.सं. | कार्यको विवरण | परिणाम | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | ५(पाँच) दिने जग्गा रेखांकन सम्बन्धि कार्यक्रम | १(एक) | सम्पन्न | |
| २. | गाउँ ब्लक जग्गा नाप नक्सा गरी पुर्जा वितरण कार्यक्रम | १(एक) | सम्पन्न | |
| ३. | बाटो रेखांकन | ७०(सत्तरी) | सम्पन्न | |
| ४. | सार्वजनिक जग्गा सम्बन्धि विवाद | २०(बिस) | सम्पन्न | |

| | | | | |
|---|---|---|---|---|
| ५. | घर नक्सा सम्बन्धि मापदण्ड एकिन गर्ने कार्य | १९८(एक सय अन्ठानब्बे) | सम्पन्न | |
| ६. | बाटो प्रमाणित | १००(सय) | सम्पन्न | |
| ७. | घर बास मिनाहा | २०(बिस) | सम्पन्न | |

## ठ. सुचना प्रविधि शाखा

१) नगरका ११ वटा सवारी साधनहरुमा GPS जडान गर्ने कार्य सम्पन्न गरिएको।

२) विद्धुतीय घर नक्शा प्रणालीको जोखिम पहिचान तथा सुरक्षा परिक्षण कार्य तथा domain registration गर्ने कार्य सम्पन्न भएको।

## ड. नगर प्रहरी शाखा

| क्र.सं. | विवरण |
|---|---|
| १ | नगरक्षेत्र भित्र सर्वसाधारणको सहजताको लागि बजार क्षेत्र भित्र हुने अतिक्रमणहरु नियमित रुपमा हटाउने कार्य गरिएको । |
| २ | नगर क्षेत्र भित्र बिना नक्सा,मापदण्ड विपरीत अवैधानिक तरिकाले निर्माण हुन लागेका निर्माण कार्य रोक्का राख्न लगाई कानुनी दायरामा ल्याईएको । |
| ३ | सेवाग्राहीले दर्ता गराएको उजुरी निवेदन उपर स्थलगत निरीक्षण गरी आवश्यक कारबाहीको लागि प्रतिवेदन लेखन गरी सम्बन्धित शाखामा पठाईएको । |
| ४ | नगर क्षेत्र भित्र हुने अस्तव्यस्त र ट्राफिकजामलाई मध्यनजर गरी नगरका विभिन्न चोकहरुमा नगर प्रहरी खटाईएको । |
| ५ | अनाधिकृत विज्ञापनका बोर्ड, होडिङ्ग बोर्ड तथा समय नाघेका ब्यानरको पहिचान गरी हटाईएको र शहरलाई कुरुप बनाउने गरी पर्चा पम्पलेट टाास गर्ने त्यस्ता व्यक्तिहरुलाई नियन्त्रणमा लिई कारबाही समेत गरेको । |
| ६ | होटल, रेष्टुरेन्टहरु मापदण्ड अनुरुप चले नचलेको चेकजााच गर्ने कार्य गरेको र होटल, रेष्टुरेन्टहरुबाट वातावरणलाई असर पुग्ने गरी निस्किएका धुवा, धुलो फोहोरमैला व्यवस्थापन नगर्नेहोटल, रेष्टुरेन्टहरुलाई आवश्यक कारबाही गरिएको । |
| ७ | बिना ईजाजत व्यापार,व्यवसाय गर्न व्यवसायीहरुको पहिचान गरी व्यवसाय दर्ता भए नभएको हेरी दर्ता नभएका व्यवसायलाई दर्ता गर्न लगाएको र नविकरण नगराएकाहरुलाई नविकरण गर्न लगाउने कार्य गरिएको । |
| ८ | नेपालगन्ज उप-महानगरपालिका भित्र हुने सभा समारोह,चाार्डपर्वमा समेत आवश्यक सुरक्षा तथा व्यवस्थापन गर्ने कार्य गरेको । |

| | |
|---|---|
| ९ | सार्वजनिक आवागमनमा बाधा पुऱ्याई रहेका निर्माण सामाग्री तथा पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाएको । |
| १० | नगर क्षेत्र भित्र संचालनमा रहेका ई-रिक्साहरुलाई व्यवस्थापन गर्नका लागि ट्राफिक प्रहरी संगको समन्वयमा ई-रिक्सा चेक जााच गरी रातो नम्बर प्लेटका ई–रिक्साहरुलाई कालो नम्बर प्लेट गर्न लगाएको र अवैध ई-रिक्साहरुलाई पुनः प्रयोग नहुने गरी फिर्ता गर्ने कार्य गरिएको । |
| ११ | नेपालगन्ज उप-महानगरपालिकाको कार्यालयको आदेश बमोजिम नगरका विभिन्न क्षेत्र भित्र विकास निर्माणमा अवरोध बनेका तथा मापदण्ड विपरीत बनेका अवैध संरचनाहरु हटाउने कार्य गरिएको । |
| १२ | यस नेपालगन्ज उपमहानगरपालिका क्षेत्र भित्र सडक,बाटो,चोक तथा बजार भित्र अस्तव्यस्त तरिकाले ट्राफिक जाम गरी छरिएर रहेका ठेलाहरुलाई व्यस्थापन गर्ने कार्य गरिएको । |
| १३ | नगर क्षेत्र भित्र जताभावी फोहर मैला गर्ने,फाल्ने व्यक्ति तथा संस्थाहरुलाई नियम बमोजिम जरिवाना गरिएको । |
| १४ | जाडोयाममा शितलहर चलि रहेको बेला नगरका विभिन्न चोक,२३ वटै वडाहरु तथा विभिन्न संस्थाहरुमा दाउरा वितरण गर्ने कार्य गरिएको । |

# ड. वारुणयन्त्र शाखा

| सि. नं. | आगलागी भएको मिति | आगलागी सुचना प्राप्त समय | आगो निभाउन | | आगलागीको बिबरण (स्थान, कारण, किसिम) |
|---|---|---|---|---|---|
| | | | प्रस्थान समय | लागेको समय | |
| १ | २०८०।१०।१६ | बिहान ०७५० वजे | बिहान ०७५५ वजे | दिउसो ११५५सम्म (४घण्टा) | नेपालगंज उप(महानगरपालिका वडा नं.१ नन्दनी मिलको उत्तर तर्फ रहेको जे.के.दाल मिलको पुरानो गोदाम घरमा आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दुबै दमकल सहित फायर फाईटि िटम गई आगलागी पुर्ठरुपमा नियन्त्र0ा गरेर फर्केको । आगलागीबा६ उक्त गोदामको दलिनमा रहेको का७हरु जलेर नष्६ भएको साथै केही पुराना मेसिन समेत जलेको । हाल उक्त गोदाम ३र नविन सावरलिया को नाममा भएको भन्ने बूझिएको । |
| २ | २०८०।११।१४ | दिउसो १४३०वजे | दिउसो १४३५वजे | दिउसो १६४० सम्म | डुडुवा गा.पा. वडा नं.३ बनकट्टी स्थित आंधी यादब, राजकुमार यादब, चन्द प्रसाद यादबको खेतमा राखेका परालका कुन्युहरुमा आगोलागी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | २ घण्टा ०५ मिनेट | हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी पुर्णरुपमा नियन्त्रण गरेर फर्केको । आगोलागीबाट सामान्य क्षती भएको । |
| ३ | २०८०।११।१५ | राति १२३० वजे | राति १२३५वजे | राति ०२१०सम्म<br><br>१ घण्टा ३५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं. २ घरवारी टोल स्थित न्युमाया ईलेक्ट्रोनिक्स पसलमा राति अचानक बिधूल लाईन सर्ट भई आगलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ दमकल सहित फायर फाईटिङ्ग टिम गई आगोलागी नियन्त्रण गरेर फर्केको । आगोलागीबाट उक्त पसलमा रहेका ईलेक्ट्रीक सामान, मुवाइल, पंखा, टर्च तथा फर्निचरहरु जलेर क्षति भएको |
| ४ | २०८०।११।२५ | दिउसो १२२०वजे | दिउसो १२२५वजे | दिउसो १३४० सम्म<br><br>१ घण्टा १५ मिनेट | जानकी गाउं पालिका वडा नं.६ गनापुर स्थित गणपति हार्डवयर प्रा.लि. भित्रको चौरमा काटेर थुपारी राखेको खरमा आगोलागी हुंदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हुनासाथ दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी पूर्णरुपमा नियन्त्रण गरेर फर्केको । आगोलगीबाट खर र पुरानो टिप्परको क्याबिन जलेर क्षति भएको |
| ५ | २०८०।११।२५ | सांझ १९००वजे | सांझ १९०५वजे | सांझ २०१५ सम्म<br><br>१ घण्टा १० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.२० रांझा एयरपोर्ट पशुपति मन्दिर नजिक जंगलमा रहेको सालको रुखमा लागेको आगो नियन्त्रण गर्न वडा अध्यक्षबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी पूर्णरुपमा नियन्त्रण गरेर फर्केको । |
| ६ | २०८०।११।२७ | बिहान ०८१५ वजे | बिहान ०८१८वजे | बिहान ०८४५सम्म<br><br>२७ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.४ शाहाना मस्जितको पछाडि घरमा खाना पकाउने ग्यांस सिलिण्डरमा आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ फायर बाईकमा २ जना फायर फाईटर गई आगलागी नियन्त्रण गरेर फर्केको । आगोलागीबाट ग्यांस सिलिण्डरमा क्षती भएको । |
| ७ | २०८०।११।२७ | सांझ १८४५वजे | सांझ १८५०वजे | सांझ २०३० सम्म | खजुरा गाउं पालिका वडा नं. ७ कालहन्स स्थित धनीराम यादबको घरमा बिधूत लाईन सर्ट भई आगोलागी हुंदा स्थानीय व्यक्तिबाट खबर प्राप्त हुनासाथ दमकल सहित फायर फाईटिङ्ग टिम गई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | १ घण्टा ४० मिनेट | आगलागी पूर्णरुपमा नियन्त्रण गरेर फर्केको । आगलागीबाट नगद रु.१ लाख, खाद्य सामाग्रीहरु, कपडा, फर्निचर आदि सामानहरु जली क्षति भएको । |
| ८ | २०८०।१२।११ | दिउसो १२५०वजे | दिउसो १२५५वजे | दिउसो १४१० सम्म<br><br>१ घण्टा १५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१० महेन्द्र बहुमुखि क्याम्पसको एरिया भित्र रहेको खरमा आगोलागी हुंदा क्याम्पसबाट खबर प्राप्त हुनासाथ दमकल सहित फायर फाईटिङ्ग टिम गई आगोलागी नियन्त्रण गरेर फर्केको । आगोलागीबाट सामान्य क्षति भएको । आगलागी हुनाको कारण थाहा नभएको । |
| ९ | २०८०।१२।१४ | राति ०३५०वजे | राति ०३५५वजे | राति ०४५०सम्म<br><br>५५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं. १ धम्बोजी स्थित नसस्ते सहकारीको नयां बन्दै गरेको भबनमा सेफ सेकले स्टोर गरि राखेको कागजको काटुन गोदाममा राति अचानक आगोलागी हुंदा प्रहरीबाट खबर प्रप्त हुनासाथ दमकल सहित फायर फाईटिङ्ग टिम गई आगोलागी नियन्त्रण गरेर फर्केको आगलागीबाट सामान्य क्षत्री भएको ।आगलागीको कारण थाहा नभएको । |
| १० | २०८०।१२।१८ | दिउसो १६४५वजे | दिउसो १६५०वजे | बेलुकी १८५० सम्म<br><br>२ घण्टा | खजुरा गाउं पालिका ,वडा नं.७ स्थित सुशिल कोईराला क्यान्सर अस्पतालमा अचानक बिधुत लाईन सर्ट भई आगोलागी हुंदा सम्बन्धित ठाउंवाट खबर प्राप्त हुनासाथ दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी पूर्णरुपमा नियन्त्रण गरेर फर्केको । आगोलागीबाट सि.टी. स्क्यान रुममा रहेको मेसिन ,बिधूत बोर्ड तथा तारहरु जलेर क्षती भएको । |
| ११ | २०८०।१२।२५ | दिउसो ११५५वजे | दिउसो १२००वजे | दिउसो १२३० सम्म<br><br>३० मिनेट | नेपालगंज उप(महानगरपालिका वडा नं.१७ सुख्खा बन्दरगाहा जाने बाटोको छेउमा थुपारेर राखेको कूडामा आगोलागी हुंदा सम्बन्धित ठाउंवाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटि ड्मि गई आगलागी पुर्णरुपमा नियन्त्र० गरेर फर्केको । |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | २०८०।१२।२५ | दिउसो ११५०वजे | दिउसो ११५५वजे | दिउसो १२५५ सम्म<br><br>१ घण्टा | जानकी गाउं पालिका वडा नं.५ बानियां गाउं स्थित कृपा राम पाठक, छव्वु भुजुवा, बलराम धोवी, नितलाल यादब र दिलिप यादबको गहुं वारीमा आगलागी हुंदा सम्बन्धित ठाउंवाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटि ६िम गई आगलागी पुर्ण्रुपमा नियन्त्र०ा गरेर फर्केको । आगलागीबा६ |
| १३ | २०८०।१२।२६ | दिउसो १५००वजे | दिउसो १५०५वजे | दिउसो १५४५ सम्म<br><br>४० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१९ सुर्यगाउं स्थित भेवल बेहनाको खेतमा रहेको कुडामा अज्ञात व्यकक्तीले आगो लगाई दिएकोले गहुं बारीमा आगलागी हुने सम्बाभना भएकोले प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । |
| १४ | २०८०।१२।२७ | दिउसो १३०८वजे | दिउसो १३१२वजे | दिउसो १३४५ सम्म<br><br>३३ मिनेट | नेपालगंज उप(महानगरपालिका वडा नं.१० आर्दश नगर स्थित कुशव कुमार थापाको घरमा रहेको फ्रिजमा सर्ट सर्किट भई आगलागी हुंदा यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटि ६िम गई आगलागी नियन्त्र०ा गरेर फर्केको । आगलागीबा६ फ्रिज र को७मा केही सामानहरु जलेर क्षती भएको । |
| १५ | २०८०।१२।२७ | दिउसो १५१५वजे | दिउसो १५२०वजे | दिउसो १६३५ सम्म<br><br>१ घण्टा १५ मिनेट | जानकी गाउं पालिका वडा नं.४ खजूरा खूर्द वडा कार्यालय नजिक रहेको पप्पू सिंहको गहुंबारीमा आगलागी हुंदा स्थानिय व्यक्तीवाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटि ६िम गई आगलागी पुर्ण्रुपमा नियन्त्र०ा गरेर फर्केको । आगलागीबा६ अन्दाजी घ क६७ जमिनमा लगाएको गहुं जलेर क्षती भएको । आगलागीको कार०ा अ१ात |
| १६ | २०८०।१२।२९ | दिउसो १५४०वजे | दिउसो १५४५वजे | दिउसो १७००सम्म<br><br>१ घण्टा १५ मिनेट | नेपालगंज उप(महानगरपालिका वडा नं.२१ पुरैना श्री महाराजा मा.बि. बूद्धीलाल कादुको खेतमा काटेर राखेको गहुंमा बिधूत तार सर्ट भई अगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटि टिम गई आगलागी नियन्त्र०ा गरेर फर्केको आगलागीबाट ढ क६७ जमिनमा रहेको गहूं जलेर क्षती भएको । |

## ढ भवन अनुमति तथा मापदण्ड कार्यान्वियन शाखा

| सि.न | २०८० माघ १ गतेदखि २०८० चैत्र मसान्त सम्मको नक्शा पास प्रगती बिबरण | जम्मा |
|---|---|---|
| १ | प्लिन्थ लेभल ईजाजत | १७५ |
| २ | सुपरस्टक्चर ईजाजत | १४७ |
| ३ | सम्पन्न प्रमाणपत्र | १४७ |
| ४ | बनि सकेको घरको नक्शा प्रमाणित | ८० |
| ५ | दर्ता सडख्या | १७३ |

## ण न्यायिक समिती तथा कानून शाखा

**न्यायिक समिति**

**क्रयमासिक प्रतिवेदन २०८० माघ महिना देखि चैत्र महिना सम्मका उजुरी दर्ता**

| क्र.सं. | विवाद नं. | मिति | वडा नं. | प्रथम पक्ष | दोश्रो पक्ष | उजुरीको विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ४१ | २०८०-१०-०३ | २१ | अरुण कुमार मिश्र | रत्तीराम लोनिया | आवश्यक कारवाही सम्बन्धमा | प्रक्रिया |
| २ | ४२ | २०८०-१०-०४ | २१ | अरुण कुमार मिश्र, | प्रहलाद लोनिया | तम्मसुक प्रमाणित सम्बन्धमा | प्रक्रिया |
| ३ | ४३ | २०८०-१०-१४ | १२ | अमिरिका चमार | कृपाराम बर्मा | आवश्यक कारवाही सम्बन्धमा | प्रक्रिया |
| ४ | ४४ | २०८०-१०-२२ | ९ | रमा देवि खडका/सितला खटिका | वडा नं.९ | छलफल गराई पाऊँ | प्रक्रिया |
| ५ | ४५ | २०८०-१०-२८ | ६ | राजु कुमार लखेर | ललित कुमार लेखर | कोलिया बाटो खुलाई पाऊ | प्रक्रिया |
| ६ | ४६ | २०८०-१०-२८ | ५ | रमेश प्रसाद श्रीवास्तव | रहिस कसाई | आवश्यक कारवाही सम्बन्धमा | प्रक्रिया |
| ७ | ४७ | २०८०-११-१३ | १६ | विसमिल्ला कबडिया | आविद अलि राई, शाकिर अलि, दिन मोहम्मद राई | आवश्यक कारवाही सम्बन्धमा | प्रक्रिया |
| ८ | ४८ | २०८०-११-१३ | ६ | सुशिला राज रेग्मी | स्वामी दयाल कहार | निर्माण कार्य रोक्का गरि पाऊ | प्रक्रिया |
| ९ | ४९ | २०८०-११-२२ | २० | राम निवास बर्मा | कमलेश बर्मा | निर्माण कार्य रोक्का गरि पाऊ | प्रक्रिया |
| १० | ५० | २०८०-११-२४ | ११ | मो.अरसद राई | मो.युनूस कबडिया | मेरो जग्गामा राखेको बालुवा गिट्टीहरु हटाई पाऊ साथै आवश्यक कारवाही गराई पाऊँ | प्रक्रिया |
| ११ | ५१ | २०८०-११-२७ | ११ | लक्ष्मी नारायण बाहुन | मोहन बाहुन, विक्रम बाहुन | छलफल गराई पाऊँ | प्रक्रिया |
| १२ | ५२ | २०८०-१२-०२ | १० | शिरकला मल्ला | सञ्जय द्विवेदी, प्रधानाध्यापक, ने.रा.प्राथमिक विद्यालय | विदा तथा हाजिरी सम्बन्धमा | प्रक्रिया |
| १३ | ५३ | २०८०-१२-१४ | ८ | विन्दु रानी जोशी | पेम्बा याङजी लामा, दावा लामा | निकास बाटो कायम गरि पाऊ सम्बन्धमा | प्रक्रिया |

## २०८० माघ महिना देखि २०८० चैत्र सम्मका कार्यविधि ।

| सि.नं. | कानून निर्माण | सभाबाट स्वीकृत मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| १ | रोजगार संवाद मञ्चको संचालन तथा व्यवस्थापन कार्यविधि | २०८०।११।११ | २०८०।११।१२ |
| २ | नेपालगंज उप-महानगरपालिका स्वास्थ्य वित्तिय समिानिकरण तर्फको निनियोजित रकमको स्वास्थ्य कार्यक्रम संचालन कार्यविधि (२०८०) | २०८०।१२।२५ | २०८०।१२।२६ |

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

कार्यालय प्रमुखको नाम : ओमबहादुर खड्का
पद : प्रमुख प्रशासकीय अधिकृत
इमेल ठेगाना : nepalgunjmun@gmail.com
सम्पर्क नम्बर : ९८५८०६६१११
सूचना अधिकारीको नाम : खिमानन्द अर्याल
पद : बरिष्ठ आ.ले.प.अधिकृत
सम्पर्क नम्बर : ९८५८०३२६९०
इमेल ठेगाना : io.npjmun@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

नेपालगञ्ज उपमहानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ ।

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

आ.व. २०८०।०८१ को चैत्रमसान्तसम्मको आर्थिक कारोवारको विवरण यस प्रकार रहेको छ :

## क्षेत्रगत बजेट तथा खर्च

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८०/१२/३०

| क्र. सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७०,४७५,७४३.०० | १६,३१३,१८९.०० | २३.१५ | ५४,१६२,५५४.०० |
| १ | कृषि | ३४,५३४,७४३.०० | ९,८८०,२८१.०० | २८.६१ | २४,६५४,४६२.०० |
| २ | उद्योग | २१,४३०,०००.०० | १,६७९,२४२.०० | ७.८४ | १९,७५०,७५८.०० |
| ३ | पर्यटन | २,२५०,०००.०० | ९६५,८००.०० | ४२.९२ | १,२८४,२००.०० |
| ४ | सहकारी | १,९१०,०००.०० | ४६३,९००.०० | २४.२९ | १,४४६,१००.०० |
| ५ | वित्तीय क्षेत्र | १,८००,०००.०० | - | - | १,८००,०००.०० |
| ६ | जलश्रोत तथा सिंचाई | १,४६१,०००.०० | - | - | १,४६१,०००.०० |
| ७ | बन | ८४०,०००.०० | ५५,११५.०० | ६.५६ | ७८४,८८५.०० |
| ८ | पशुपन्छी विकास | ६,२५०,०००.०० | ३,२६८,८५१.०० | ५२.३० | २,९८१,१४९.०० |
| २ | सामाजिक विकास | ७४१,७३३,०४८.६२ | ३८२,३६०,५२४.१८ | ५१.५५ | ३५९,३७२,५२४.४४ |
| १ | शिक्षा | ४९१,३१५,७३०.०५ | २८०,५६५,६१०.४८ | ५७.१० | २१०,७५०,११९.५७ |
| २ | स्वास्थ्य | १३४,७८९,९७३.५० | ७०,४०४,०१४.८६ | ५२.२३ | ६४,३८५,९५८.६४ |
| ३ | खानेपानी तथा सरसफाई | ३८,११२,९५४.५२ | ९,३१८,०४८.८४ | २४.४५ | २८,७९४,९०५.६८ |
| ४ | भाषा तथा संस्कृति | १०,४६९,८००.०० | २,८८२,७८०.०० | २७.५३ | ७,५८७,०२०.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १८,७७७,०००.०० | ३,३३८,८७०.०० | १७.७८ | १५,४३८,१३०.०० |
| ६ | युवा तथा खेलकुद | १६,७०७,०००.०० | ५,०३२,९६७.०० | ३०.१२ | ११,६७४,०३३.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ३१,५६०,५९०.५५ | १०,८१८,२३३.०० | ३४.२८ | २०,७४२,३५७.५५ |
| ३ | पूर्वाधार विकास | ५३४,५२२,०५३.४१ | १३१,९८८,३३९.६४ | २४.६९ | ४०२,५३३,७१३.७७ |
| १ | यातयात पूर्वाधार | २८०,४७३,३१६.६५ | ४८,४२६,६०६.४१ | १७.२७ | २३२,०४६,७१०.२४ |
| २ | भवन, आवास तथा सहरी विकास | १३९,०४४,५९०.५२ | २०,९२०,३२७.४५ | १५.०५ | ११८,१२४,२६३.०७ |
| ३ | उर्जा | १३,८७७,०१९.०२ | ३,६९१,०२८.०२ | २६.६० | १०,१८५,९९१.०० |
| ४ | संचार तथा सूचना प्रबिधि | ५,८५०,०००.०० | २२७,७९६.०० | ३.८९ | ५,६२२,२०४.०० |
| ५ | सम्पदा पूर्वाधार | ९३,६२७,१२७.२२ | ५८,०३४,९६३.७६ | ६१.९९ | ३५,५९२,१६३.४६ |
| ६ | बिज्ञान तथा प्रबिधि | ७००,०००.०० | - | - | ७००,०००.०० |
| ७ | पुननिर्माण | ९५०,०००.०० | ६८७,६१८.०० | ७२.३८ | २६२,३८२.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९,२८०,००१.०० | २,२४९,४८५.०० | २४.२४ | ७,०३०,५१६.०० |
| १ | वातावरण तथा जलवायु | १५०,०००.०० | ४२,२००.०० | २८.१३ | १०७,८००.०० |
| २ | विपद व्यवस्थापन | २०५,०००.०० | - | - | २०५,०००.०० |
| ३ | मानब संशाधन विकास | १,७५०,००१.०० | - | - | १,७५०,००१.०० |
| ४ | कानुन तथा न्याय | १,०२०,०००.०० | २८८,७३६.०० | २८.३१ | ७३१,२६४.०० |
| ५ | शासन प्रणाली | ४०,०००.०० | - | - | ४०,०००.०० |
| ६ | तथ्यांक प्रणाली | १,१११,०००.०० | ६३४,३४०.०० | ५७.१० | ४७६,६६०.०० |
| ७ | गरिबी निवारण | ४००,०००.०० | १५०,०००.०० | ३७.५० | २५०,०००.०० |
| ८ | श्रम तथा रोजगारी | २००,०००.०० | - | - | २००,०००.०० |
| ९ | योजना तर्जुमा र कार्यन्वयन | ८०,०००.०० | - | - | ८०,०००.०० |
| १० | अनुगमन तथा मूल्यांकन | ९१४,०००.०० | २००,०००.०० | २१.८८ | ७१४,०००.०० |
| ११ | प्रशासकीय सुशासन | ३,४१०,०००.०० | ९३४,२०९.०० | २७.४० | २,४७५,७९१.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४९१,९८२,५९९.३९ | २७३,६१६,००५.७७ | ५५.६१ | २१८,३६६,५९३.६२ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४९१,९८२,५९९.३९ | २७३,६१६,००५.७७ | ५५.६१ | २१८,३६६,५९३.६२ |
| | कुल जम्मा | १,८४७,९९३,४४५.४२ | ८०६,५२७,५४३.५९ | ४३.६४ | १,०४१,४६५,९०१.८३ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत नेपालगञ्ज उपमहानगरपालिकाको

वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ । त्यसैगरी मोवाईल एप, फेसवुक पेज लगायतको व्यवस्था समेत गरिएकोछ ।